स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



कहावत् छ, 'फिल्ममा छिर्नभन्दा टिक्न बढी मुश्किल हुन्छ ।' एक त प्रतिस्पर्धाको क्षेत्र, लगभग हरेक नयाँ फिल्मबाट विकल्प जन्मिरहेका छन् । पहिलो फिल्म 'इन्टु मिन्टू लण्डनमा'बाट सुखद् डेब्युको अनुभव लिएका धीरज मगरलाई पनि अहिले फिल्मको असफलता भारी परिरहेको छ । डेब्यु फिल्मबाटै नयाँ 'स्टार', अझ भनौं अनमोल केसी र प्रदीप खड्काको प्रतिस्पर्धीको रुपमा हेरिएका उनले 'फ्लप'मा 'ह्याट्रिक' गरेसँगै करिअर नै धरमराएको छ । पहिलो फिल्मपछि उनले कमब्याकमै लामो समय लगाए ।

आजको विचार...



केशव आचार्य

नेपाल... (दुई पेजमा)



राजनीतिमा सहभागी हुने चर्चाबीच दक्षिण भारतीय अभिनेता थलापति विजयले राजनीतिक दलको घोषणा गरेका छन् । दलको नाम 'तमिझगा वेत्री कझगम' (विजयी तमिल संघ) राखिएको छ । उनको पार्टीले सन् २०२४ को लोकसभा चुनाव भने लड्ने छैन । यी तमिल अभिनेताले विज्ञप्ति जारी गर्दै सन् २०२४ को चुनावमा पार्टीले भाग नलिने उल्लेख गरेका छन् । 'धर्म, जात र जाततै भ्रष्टाचार मात्रै देखिने वर्तमान राजनीतिक वातावरणलाई मध्यनजर गर्दै भ्रष्टाचारमुक्त, प्रगतिशील र धर्मनिरपेक्ष सरकारको लक्ष्य राखेको छु'उनले भने ।

❑ वर्ष २९ ❑ अंक १८७ ❑ २०८० माघ २१ गते आइतबार 4 February 2024, Sunday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# आज विश्व क्यान्सर दिवस, विभिन्न चेतनामूलक कार्यक्रम गरी मनाइँदै

हाम्रा संवाददाता

**पाल्पा,** माघ २०/आज विश्व क्यान्सर दिवस विभिन्न चेतनामूलक कार्यक्रम गरी मनाइँदै छ । अन्धविश्वासका कारण नेपालमा क्यान्सर रोगीको संख्या बढिरहेका बेला वर्सेनि चेतनामूलक कार्यक्रम गरेर क्यान्सरविरुद्धको दिवस मनाउने गरिएको हो । क्यान्सर रोग निवारणका लागि सरकारीसँगै विभिन्न गैरसरकारी संघसंस्थाहरुले आज चेतनामूलक कार्यक्रमहरुको आयोजना गर्दै छन् ।

हरेक वर्ष फेब्रुअरी महिनाको ४ मा यो दिवस मनाइन्छ । विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) र युनियन फर इन्टरनेसनल क्यान्सर कन्ट्रोल (यूआईसीसी) को आह्वानमा क्यान्सर दिवस मनाउने गरिन्छ । विश्व स्वास्थ्य संगठनको आह्वानमा सन् २००० मा फ्रान्सको राजधानी पेरिसमा भएको बैठकपछि क्यान्सर दिवस मनाउने निर्णय भएको थियो । त्यसपछि हरेक वर्ष फेब्रुअरी ४ मा दिवस मनाउन सुरु गरिएको हो । क्यान्सर दिवस मनाउनुको मुख्य उद्देश्य क्यान्सरबारे जनचेतना जगाउनु नै हो । यसका साथै रोकथाम, उपचार र क्यान्सरबाट




हुने मृत्युदर न्यून गर्ने नै हो । यस वर्ष 'स्याहारमा भएको फरकलाई बन्द गरौँ' भन्ने नारा तय गरिएको छ । हाल नसर्ने रोगको प्रकोप बढेको छ । क्यान्सर, मुटु, फोक्सो, मधुमेह लगायतका रोगले धेरैलाई पिरोलिरहेको छ । विश्वका अधिकांश मुलुकमा ६० प्रतिशतभन्दा बढी मृत्युको कारण नसर्ने रोगहरू भएको विभिन्न अध्ययनले पुष्टि गरेका छन् । त्यसमध्ये कार्डियो भास्कुलर र क्यान्सरको प्रकोप बढिरहेको पाइन्छ । मुटुलगायत अन्य नसर्ने रोगको उपचार विधिमा व्यापक सुधार भएको छ । उपचारमा पहुँच पनि पुगेकाले यी रोगबाट हुने मृत्युको संख्यामा कमी आउन थालेको छ । तर, क्यान्सर रोगको उपचारमा अझै पहुँच पुगेको छैन । क्यान्सर लगायत अन्य नसर्ने खालका दीर्घ रोगको मुख्य कारक तत्वहरू एकै किसिमको पाइन्छ । त्यसैले यी रोगबारे व्यापक जनचेतना फैलाउनुपर्ने खाँचो छ । धेरैजसो मुलुकमा मृत्युको पहिलो नम्बरमा क्यान्सर नै हुने गरेको छ । मुख्यत: क्यान्सर हुनुको कारण खानपान र जीवनशैली रहेको क्यान्सर रोग विशेषज्ञ डा. अरुण शाहीले बताए । उनले भने,'धूमपान, मद्यपान, मोटोपना र अस्वस्थ जीवनशैलीले गर्दा नै नेपालमा क्यान्सरका बिरामी बढिरहेका छन् । यसबाहेक ५ देखि १० प्रतिशत क्यान्सरका बिरामीमा वंशाणुगत समस्या पनि देखिएको छ ।' घरमा हजुरबुवा, आमाबुवा वा नातेदार कसैलाई क्यान्सर छ भने सन्तानलाई पनि भएको पृष्ठभूमि पाइएको डा. शाहीले बताए । उनका अनुसार ९९ प्रतिशत क्यान्सरको उपचार नेपालमै हुने गरेको छ । रोबोटिक सर्जरी, प्रोटोन थेरापीलगायत केही उपचारविधि स्वदेशमा उपलब्ध हुन नसकेकाले बाँकी एक प्रतिशतका लागि मात्र अन्य मुलुक जानुपर्ने अवस्था रहेको उनको भनाई छ । नेपालमा सुर्तीजन्य वस्तुको सेवनका कारण हरेक वर्ष क्यान्सरका विरामी बढ्दै गएको चिकित्सकहरुले बताएका छन् । सुर्तीजन्य वस्तुको सेवन गर्नेको संख्या बढ्दै गएकाले क्यान्सरको जोखिम पनि बढ्दै गएको उनीहरुको भनाइ छ । खानपानमा ध्यान दिन सके पनि ४० प्रतिशतले क्यान्सर रोगको जोखिम कम हुने विश्व स्वास्थ्य संगठनले आफ्नो रिपोर्टमा उल्लेख गरेको छ ।

## सक्षिप्त समाचार

### जिप दुर्घटनामा दुई जनाको मृत्यु



**अर्घाखाँची,**माघ २०/अर्घाखाँचीको ढाकावाङमा जिप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । दुर्घटनामा दुई जना घाइते भएका छन् ।

भूमिकास्थान नगरपालिका-२ को ढाकावाङ थापाडाँडामा लु१ज १६७९ नम्बरको जिप शनिबार बिहान दुर्घटना भएको हो । दुर्घटनामा भूमिकास्थान-२ मुलटंकिका ३४ वर्षीया देवा बेल्वासे र सन्धिखर्क-८ खापडाँडाकी ४२ वर्षीया डेमकला बेल्वासे आचार्यको मृत्यु भएको प्रहरी नायव उपरीक्षक प्रतीतसिंह राठोरले जानकारी दिए । दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको उनले बताए । ढाकावाङबाट सन्धिखर्कका लागि छुटेको जीप सडकबाट करिब १५० मिटर तल खसेको स्थानीय टेकराज भुसालले जानकारी दिए । दुर्घटनामा पणेना-१ की कपिला खनाल पोखेल र शर्मिक पोखेल घाइते भएका छन् । उनीहरुको सन्धिखर्कमा उपचार भइरहेको प्रहरीले जनाएको छ । **-रासस**

## लुम्बिनीमा आज सार्वजनिक बिदा




**पाल्पा,** माघ २०/लुम्बिनी प्रदेशमा आज आइतबार सार्वजनिक बिदा दिइएको छ । प्रदेश स्थापना दिवसको अवसरमा प्रदेशभर सार्वजनिक बिदा दिइएको हो ।

विगतमा जस्तै प्रदेश स्थापना दिवसको अवसरमा यसवर्ष पनि सार्वजनिक बिदा दिइएको लुम्बिनी प्रदेश गृह मन्त्रालयले जनाएको छ । प्रदेशको स्थायी राजधानी राप्ती उपत्यका देउखुरीमा कार्यक्रम गरी दिवस मनाउने प्रदेश सरकारको तयारी छ । दिवसको अवसरमा प्रदेश सरकारले यस वर्ष अग्रज पत्रकारिता र सिर्जनशिल पत्रकारिता पुरस्कारबाट पुरस्कृत हुने १३ जना पत्रकारहरुलाई सम्मान समेत गर्न लागेको छ । प्रदेश सरकार गठन भएसँगै २१ माघ २०७४ मा पहिलो पटक प्रदेश सभाको बैठक बसेको थियो । सोही दिनलाई प्रदेश सरकारले प्रदेशमा स्थापना दिवस मनाउने गरेको हो ।

## बिबिए र बिबिएममा उत्कृष्ट नतिजा ल्याउन सफल भएका छौं : प्रमुख भट्टराई

### नवआगन्तुक विद्यार्थीलाई स्वागत

कृष्ण पोखरेल

**पाल्पा,** माघ २०/त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाका क्याम्पस प्रमुख टंक प्रसाद भट्टराईले बिबिए र बिबिएममा देशकै उत्कृष्ट नतिजा ल्याउन सफल भएको बताएका छन् ।

बिबिए र बिबिएममा अध्ययनरत विद्यार्थीहरुले सोही समूहका नव आगन्तुक विद्यार्थीहरुलाई आयोजना गरेको स्वागत कार्यक्रमलाई सम्बोधन गर्दै क्याम्पसले निरन्तर बिबिए र बिबिएममा उत्कृष्ट नतिजा ल्याउन सफल भएको बताएका हुन् । उनले भने,'प्राध्यापक, विद्यार्थी दुबैको मेहनत र परिश्रमका कारण आज पाल्पाको त्रिभुवन बहुमुखी क्याम्पस बिबिए र बिबिएमको नतिजामा देशकै उत्कृष्ट नतिजा ल्याउन सफल भएको हो ।' उत्कृष्ट नतिजाकै कारण पछिल्लो समयमा क्याम्पसमा विद्यार्थीको संख्या बढ्दै गएको क्याम्पस प्रमुख भट्टराईले बताए । उनले हाल व्यबस्थापन, शिक्षा, मानविकी संकायमा डिग्री सम्म अध्ययन, अध्यापन हुँदै आएको जानकारी दिए ।



बिबिए कार्यक्रमका निर्देशक केवश घिमिरेले बिबिएको नतिजा देशकै गौरव गर्ने उत्कृष्ट नतिजा भएको बताए । उनले भने,'विद्यार्थीको लगनशिलता, गुरुहरुको लगातारको मेहनतका कारण आज हामी सबै उत्साहित भएका छौं ।' कार्यक्रममा सहायक क्याम्पस प्रमुख श्रीचन शाक्य, सन्तोष खनाल, विद्यार्थी कल्याणकोषका प्रमुख पुष्कर आचार्य, स्वतन्त्र विद्यार्थी युनियनका सभापति कृष्ण अर्याल लगायतले त्रिभुवन बहुमुखी क्याम्पस विद्यार्थीहरुको पठन-पाठनका लागि अति उपयुक्त रहेको बताए । योग्य शिक्षक, कम शुल्कमा विद्यार्थीहरुको पठन-पाठन गराई शैक्षिक गुणस्तर सुधार गर्न क्याम्पसका प्राध्यापकहरु कटिबद्ध भएर लागेको उनीहरुले बताए । कार्यक्रममा बिबिए परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई पुरस्कार वितरण गरिएको थियो । कार्यक्रममा विद्यार्थीहरुले सांकेतिक कार्यक्रमहरु प्रस्तुत गरी वातावरण रमाईलो बनाएका थिए । कार्यक्रममा विद्यार्थीहरु लक्ष्मी मधेसिया, समित भुसाल, अनुष्का पाण्डे, मेनुका घिमिरे, रोसन नेपाल लगायतले कार्यक्रममा स्वागत गर्दै गित तथा कविताहरु प्रस्तुत गरेका थिए । बिबिएकी विद्यार्थी कोपिला दिसुवाको अध्यक्षता, मनिका घर्ति र दिवस रानाको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नवजनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## क्यान्सरबाट जोगिन सचेत रहौँ

आज फेब्रुअरी ४ अर्थात् विश्व क्यान्सर दिवस हो । दिवसको अवसरमा क्यान्सर सम्बन्धी विभिन्न सचेतनामूलक कार्यक्रम गरिदैं छ । क्यान्सर लागेमा निको हुँदैन भन्ने धारणा आम मानव समुदायमा रहेकोमा रोग लागेको छोटो समयमा उपचार थालीयो भने रोकथाम गर्न सकिन्छ भन्ने सचेत पार्न विश्व स्वास्थ्य संगठनको आह्वानमा हरेक वर्ष दिवस मनाउँदै आइएको छ । यस वर्ष दिवसको नारा 'स्याहारमा भएको फरकलाई बन्द गरौँ' भन्ने रहेको छ । हरेक वर्ष दिवस मनाउने गरिए पनि क्यान्सरका विरामी बढ्दै जानु दुखको कुरा हो । नेपालमा सुर्तीजन्य वस्तुको सेवनका कारण क्यान्सरका विरामी बढ्दै गएका छन् । जसले गर्दा क्यान्सरको जोखिम पनि उत्तिकै बढ्दै गएको हो । यो रोग नेपाल लगायत विश्वभर एउटा ठूलो स्वास्थ्य चुनौतीका रूपमा रहेको छ ।

नसर्ने प्रकृतिका रोगमध्ये क्यान्सर एउटा डरलाग्दो रोग हो । क्यान्सर ढिलो गरी पत्ता लागे उपचार नै हुन कठिन हुने गर्दछ । सुरुवाती अवस्थामा नै पत्ता लगाई उपचार गर्न सके पूर्ण रूपमा निको हुन सक्ने चिकित्सक बताउँछन् । क्यान्सरमा पनि फोक्सोको क्यान्सर, प्रोस्टेट क्यान्सर, आन्द्राको क्यान्सर, पेटको क्यान्सर, कलेजोको क्यान्सर पुरुषमा धेरै देखिएको छ भने महिलामा स्तन क्यान्सर, आन्द्राको क्यान्सर, फोक्सो, पाठेघरको मुखको क्यान्सर र थाइराइडको क्यान्सर प्रमुख रूपमा देखिएको छ । क्यान्सरको उपचार र स्याहार पाउनका लागि सबैको पहुँच पुगेको छैन । यो रोग मानिसका लागि एउटा दुर्भाग्य साबित भएको छ । खर्च, पीडा र यससँगको चिन्ताले सबैलाई ठूलो असर पारिरहेको छ । समयमै यसबारे पहिचान हुन सकेमा धेरै हदसम्म क्यान्सरको रोकथाम गरी मृत्युवरणमा न्यूनीकरण गर्न सकिन्छ । अर्को तर्फ क्यान्सरको प्रमुख कारक तत्वको रूपमा रहेको सुर्तीजन्य पदार्थको रोकथाम तथा नियन्त्रणका लागि प्रशस्त नीति नियमहरू बनेका छन् तर, सबै कागजमा मात्र सीमित छन् । बर्सेनि ३७ हजार ५ सयभन्दा धेरैको ज्यान लिने सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमनमा राज्यको ध्यान नजानु सामान्य अवस्था होइन । सबै नागरिकमा समान स्वास्थ्य सेवामा पहुँच परको कुरा भएको नीति नियमलाई समयानुकूल परिमार्जन गर्दै प्रभावकारी कार्यान्वयन गर्नु आजको आवश्यकता हो । यसरी मात्रै पनि क्यान्सरजस्ता प्राणघातक रोग लाग्नबाट धेरैलाई बचाउन सकिन्छ । रोग लागेर उपचार गर्नु भन्दा रोग लाग्न नदिनु नै उत्तम हुन्छ । तसर्थ क्यान्सरजस्तो घातक रोग लाग्नै नदिन सरकार र स्वयमं नागरिक सचेत हुन जरुरी छ ।

## Opinion @ Social Network

मलाई मन नपराउनु मेरो दोष होला नहोला, तर घृणालाई प्रेममा बदल्न सकिन भने चाहिँ म सफल नभएकै मान्नुपर्छ ,
अनि तिमीलाई यो पनि थाहा होला कि मैले हार्न जानेको छैन !!
*(साईग्रेस पोखरेलको फेसबुक स्टाटसबाट www .facebook .com/saigraceofficial)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपाल अब बन्ने प्रयासमा, बन्छ कसरी ?



**केशव आचार्य**

मुलुकमा हामी सबैले सधैं समस्यालाई मात्र उजागर गर्‍यौं । सम्भावनाका अवसरलाई पहिचान गर्ने प्रयाश गरेनौं । हो, देशको राजनीतिक, आर्थिक, सामाजिक अवस्थामा परिवर्तन ल्याउन कुशल नेतृत्व र स्पष्ट नीति आवश्यक हुन्छ । यी सबै अवस्था समय अनुसार परिवर्तन भइरहन्छ । कुनै कालखण्डमा कुशल नेतृत्व पनि थियो र स्पष्ट नीति पनि थियो । मुलुकको सबलपन र दुर्बलपन समय चक्रसँगै घुमिरहेको हुन्छ । समय चक्र कहिले वृद्धिमा पुग्छ, कहिले समृद्धि, कहिले सुस्ति, कहिले मन्दी आदि । हाल नेपाल मन्दीको अवस्थाबाट गुर्जिरहेको छ । चुनौतीसँगै अवसर पनि आइरहेको हुन्छ, वर्तमान यो परिस्थितिलाई समस्याको रूपमा होइन, अवसरको रूपमा लिनुपर्छ । किन भने हरेक चिज बिग्रेपछि बनाइन्छ । अहिले नेपालको विद्यमान राजनीतिक, सामाजिक र आर्थिक अवस्थाले एउटा कुशल नेतृत्वको खोजी गरिरहेको छ । एउटा कुशल राजनीतिज्ञले नेतृत्व गर्न पायो भने पूर्णत: परिवर्तनको प्रयत्न गर्छन् । त्यसले बलियो जग निर्माण गर्छन् बलियो जग बलियो व्यवस्थाको परिचायक हो । व्यक्तिको शक्तिले होइन, व्यवस्थित प्रणालीको बलले मुलुकमा सुशासनको अभ्यास र समुन्नतिको जग बस्छ । नयाँ पुस्ताले समुन्नति खोजी रहेको छ । यो चासोसहित नेतृत्वको चर्चा हुनु सान्दर्भिक पनि मान्नुपर्छ । किन भने राजनीति संवेदनशीलता र सम्भावनामा दुवै अवसर र चुनौतीले भरिएको हुन्छन् । पछिल्लो समय सामाजिक सञ्जालको बढ्दो प्रभावले विश्वभरिकै राजनीतिक परिदृश्यहरूलाई प्रत्यक्ष-अप्रत्यक्ष रूपमा उतारचढाव आइरहेको छ ।

सानातिना घटनाक्रमले राजनीति र सामाजिक परिवेशलाई संवेदनशील बनाउँदै लगेको छ । प्रविधिको विकाससँगै यसको प्रभावले समाजमा सकारात्मक र नकारात्मक दुवै पक्षहरू सक्रिय बन्न सक्छन । तसर्थ यो विषयमा पनि बहस हुन जरुरी छ । नयाँ पुस्ताले एउटा दूरदर्शी राजनीतिक नेतृत्व खोजिरहेका छन् वर्तमान र भविष्यले कुशल नेतृत्वलाई आवाफन गरिरहेको छ । नेपालमा पनि समय कालखण्डमा कुशल नेतृत्वको जन्म नभएको होइन । तर वर्तमानमा त्यस्ता नेतृत्वको चरम मन्दी देशले भोगिरहेको छ । विश्वले अभ्यास गरिरहेको गणतन्त्र ल्याएपछि त के केन हुन्छ भन्न थालियो । गणतन्त्र ल्याइयो, मुलुक संघीयतामा गयो । देशमा ७६१ वटा सरकार बने । शहरीकरणको विकास गरियो, जताततै नगर घोषणा गरेर अधिक नागरिकलाई नगरबासी बनाइयो । नगरवासीले पाउने सुविधा भन्दा पनि नगरवासी भएकाले तिर्नुपर्ने कर राजस्वले नागरिकको ढाड सेकिरहेको छ । नेपालमा दश कैपिच्छे व्यवस्था बदलियो तर अपेक्षा अनुरूप जनताको जीवनस्तर बदलिएन । संविधानले तीन तहको प्रशासनिक संरचना निर्माण गर्‍यो, संविधानले धेरै कुराको परिकल्पना त गर्‍यो तर कतिपय कानुनका अभावले अझै कार्यान्वयनमा आउन सकेका छैनन् । नवपुस्ताले चाहेको जस्तो धेरै परिकल्पना संविधानमा उल्लेख छन् । त्यसले आम अपेक्षालाई पूर्णरूपमा सम्बोधन गर्न सकेको छैन । तसर्थ यी सबै वितृष्णालाई चिर्न एउटा कुशल मियोको चाहना बढिरहेको छ । मुलुकलाई नेतृत्व गर्ने राजनीतिज्ञले देखाउने देशभक्ति र राष्ट्रियता कस्तो छ, त्यस विषयमा नागरिकको चासो भएन । तर कुशल नेतृत्वले आफूले शासकीय राजकाज सम्हाल्नु भन्दा पहिले समयको महत्व र मागलाई अध्ययन विश्लेषण गरेर तयारी गर्न सकेन । नेतृत्व योजना र कार्यक्रम बोकेर सिंहदरबार प्रवेश गनुपर्ने त्यो उसमा भएन । अध्ययन विश्लेषणबाट ऊ टाढै बस्यो । बलिया पाखुरा, लगानी क्षमता र सर्वसाधारणमा डरत्रास सिर्जना गर्नसक्ने सक्षम नेपाली नागरिकले मात्र नेतृत्व गर्न पाए । जसका कारण आमनागरिकलाई धन जोगाउन कठिन, छोरी चेली जोगाउन कठिन, व्यापार व्यवसाय जोगाउन कठिन, ज्यान जोगाउन कठिन बन्दै गयो । आज गणतन्त्रमा अरू जंगली जनावरको डरभन्दा पनि मानिसबाटै मानिसलाई डर सिर्जना भइरहेको छ । शान्ति र सुरक्षाको बलियो प्रत्याभूत हुनका लागि राजनीतिक स्थिरता एउटा महत्वपूर्ण पक्ष मानिन्छ । नेपालमा पछिल्लो समयमा छिटोछिटो धेरै सरकार परिवर्तन भए । राजनीतिक स्वार्थले सरकारको अविच्छिन्नतामा रोक लगाइरहेको छ । योजना आयोगले पञ्च वर्षीय योजनाहरूको तर्जुमा गर्दछ । तर, एउटै नेतृत्वले त्यस्तो योजनाको कार्यान्वयन गर्न पाउँदैन । सरकार परिवर्तनसँगै योजनाका प्राथमिकता परिवर्तन हुँदै जान्छन् । यसरी योजनाहरूको सही कार्यान्वयन नहुँदा नेपालको कतिपय पूर्वाधारमा दिगो विकासका पनि समस्या देखिएका छन् । राजनीतिमा प्रवेशका अनेक विकल्प छन् तर त्यसका निकाश छैनन् कम छन् । समयानुकूल पुस्तान्तरण हुननसक्दा लोकतन्त्र कमजोर बनेको छ । समय अनुसारको नेतृत्व चयन हुन नसक्दा नवपुस्तालाई राजनीतिप्रति आकर्षण कम छ । पछिल्लो समय बारबार तिनै नेताहरू दोहोरिरहेको परिस्थितिले आमनेपालीमा नेतृत्व प्रति वितृष्णा चुलिँदो छ । विगत तीन दशक देखि प्रत्यक्ष-अप्रत्यक्ष रूपमा यिनै नेतृत्वले शासकीय राजकाज सम्हालिरहेका छन् । तर, अपेक्षाकृत उपलब्धि हासिल हुनसकेको छैनन् । जीवनको उत्तरार्धमा पनि सत्ता संघर्षमा जुधिरहँदा उनीहरूमाथि आमरूपमा आक्रोश बढ्दो छ । राजनीतिक परिवर्तनका लागि यिनको योगदान रहे पनि पछिल्ला दिनमा आममानिसमा भने वितृष्णा बढ्दो छन् । नेतृत्वको मपाइँत्वकरण, देवत्वकरण, नातावादा, कृपावाद जस्ता सोचका कारण सामाजिक रूपमा अपेक्षाकृत नेतृत्व विहीनताको परिस्थिति देखिन्छन् । राजनीतिक स्थायित्वको विकल्पमा भन्दा वितृष्णामा नै राजनीति रुमल्लिइरहेको छ । नेपाल राजनीतिक र कूटनीतिक संवेदन शीलताका हिसाबले त अहिले निकै चासोपूर्ण भूराजनीतिक परिवेशमा देखिन्छन् । यस्तो अवस्थामा सन्तुलित कूटनीति नेपालका लागि हितकर हुन्छ । विदेश नीतिमा तय भएका मूल्य मान्यता र सिद्धान्त अनुसारको कूटनीतिक अभ्यास र यसको उपयोग नेपालका लागि आवश्यक छ । पछिल्लो समय कूटनीतिक कौशलतामालाई नेपालले जोगाउन नसकेको परिस्थिति अन्तर्राष्ट्रिय मञ्चहरूमा देखिन्छन् । जसका कारण आन्तरिक र बाफय राजनीतिक दबाबले नेपालको सक्षमता खस्किँदै गइरहेको हो ।

मुलुकको भूराजनीतिक अवस्थिति निकै संवेदनशील अवस्थामा छ । विश्वकै आर्थिक, सैन्य, जनसंख्या र भूगोलको सम्पन्नताको शीर्षस्थ तहतिर उन्मुख उत्तरी छिमेकी चीन र विश्वकै धेरै जनसंख्या, उदीयमान आर्थिक सम्पन्नता, सैन्य र भूगोलको सम्पन्न दक्षिणी छिमेकीबीच नेपालको सम्बन्धमा माधुर्यमात्रै छैन । कहिले काहीं उतारचढाव पनि देखिन्छन् । दुई छिमेकी मुलुकसहित विश्वका सम्पन्न अमेरिका, युरोपको पनि नजर नेपालमा परिरहेको दृष्टान्त छन् । यस्तो अवस्थामा दुवै मुलुकसँगको सम्बन्धलाई सन्तुलनमा लिएर नेपालको हितमा विदेश नीतिको प्रभावकारिता नेतृत्वले देखाउन सक्नुपर्दछ । यस्तो अवस्थामा नवपुस्तालाई नेपाल विधि र स्थायित्वतर्फ अग्रसर छ है भन्ने आशा देखाउने नेतृत्व आवश्यक छ ।

### कसरी बन्न सक्छ ?

**सर्वप्रथमत :** नेपाल अधिराज्यलाई पूर्णत सम्बोधन गर्ने संविधान अत्यावश्यक हुन्छ । संविधान प्रति आमनेपालीको सर्वस्वीकार्यता र अपनत्व जरुरी छ । निर्मित संविधानलाई नै संशोधनमार्फत नरम र कार्यान्वयनमा बलियो बनाउन सकिन्छ यो नै पछिल्ला नवपुस्ताको माग हो । संविधान बलियो र व्यापकता बनाउनु नै कार्यान्वयन उन्मुख हुनु हो । विश्वकै इतिहासलाई हेर्दा नेपालको यो संविधान व्यवस्थित, विकसित र अग्रगामी छ । संविधानले नै नागरिकको हकहितदेखि राज्य शक्तिको नियन्त्रण र सन्तुलनको परिकल्पना गरेको छ । यसको सुनिश्चितताका लागि राज्यका निकायहरूबीचको सामूहिक नेतृत्वदायी भूमिका अपरिहार्य छ । नवपुस्ताको चाहना संविधान र नयाँ व्यवस्थाकलाई समुन्नत व्यवस्थाका रूपमा कार्यान्वयनमा ल्याउने हो । सचेत नवपुस्ता लोकतान्त्रिक व्यवस्था र संवैधानिक सर्वोच्चताप्रति पक्कै विश्वस्त रहन्छन् । तर, संविधान जारी भएको आठ वर्षमा पनि संविधान कार्यान्वयनका लागि आवश्यक महत्वपूर्ण कानुन अझै बन्न सकेका छैनन् । कानुनी शासन र सुशासनमा प्रतिबद्धता नेतृत्वमा हुनुपर्ने अपरिहार्य गुण हो । कानुनी छिद्रबाट स्वार्थ प्रेरित शासन गर्न चाहने होइन कि कानुनको यथार्थ अभ्यास र सुशासनमा जिम्मेवार नेताको खाँचो छ । राजनीति र प्रशासनिक नेतृत्वहरूले आफू खुशी निर्णय गर्दा बेथितिले चरम सीमा नाघिरहेको छ । खस्किँदै गएको सुशासन र मौलाउँदै गएको कुशासन सुधार गरी कानुनी शासन र सुशासनको जग बसाल्ने दृढ नेतृत्व नवपुस्ताको रोजाइमा छ । संघीयता कार्यान्वयनसम्बन्धी कानुन लामो समयसम्म निर्माण नहुँदा व्यवस्थाप्रति नै वितृष्णा सहितका जनगुनासा आउन थालेका छन् । संघीयताको आर्थिक, राजनीतिक र प्रशासनिक विकेन्द्रीकरण र सबलीकरणमा भन्दा दोहन र दुरुपयोगमा प्रादेशिक संरचना व्यस्त देखिन्छ । संघीयताको मर्म र जनभावनानुरूप सुशासनको प्रत्याभूत हुनुपर्ने तर नेतृत्व अनियमितताको हिमायती बनिरफयो । यस्तो बेथितिलाई चिर्न र संघीयतालाई सबल बनाउन एउटा निडर नेतृत्व नवपुस्तामा जान आवश्यक छ र जान्छ पनि । मुलुकको राजनीतिलाई नयाँ गति, ऊर्जा र आशा जगाउन संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ र संस्थागत गनुपर्ने आवश्यक्ता भैसकेको छ । राजनीतिमा नयाँ र युवा पुस्ताको भूमिका तथा सहभागिता सुनिश्चित हुनेगरी सैद्धान्तिक, वैचारिक र सांगठनिक रूपमै नयाँपन र दृष्टिकोण दिनसक्ने नेतृत्व मुलुकले खोजिसकेको छ । दिगो विकासको सूचकांक, सुशासनको मापन र विकासशील राष्ट्रमा स्तरोन्नतिका लागि पनि राजनीतिक अस्थिरताले नै तगारो लगाएको छ । यस्तो तगारोले सहजता दिन सकेन भने व्यवस्थाको परिवर्तन, नागरिकका अधिकारको स्थापना, राजनीतिक

**अधिकार :** प्रतिनिधित्व, सहभागिता र समावेशीका लागि पुन: संघर्ष हुन्छ । अब समुन्नत नेपाल निर्माणका लागि सामाजिक-आर्थिक रूपान्तरण मुख्य विषय हुन् । माटो सुहाउँदो मौलिक र दिगो विकासको नेतृत्वकर्ता नव पुस्ताको हातमा पुग्नेछ । कृषि, उद्योग, पर्यटन र ऊर्जा नेपालका समुन्नतिका आधार हुन् । विगतमा यस्ता पूर्वाधारको समष्टिगत रूपमा विकासको योजना तर्जुमा भए पनि खासै उपलब्धिमूलक देखिएनन् । सामाजिक-आर्थिक रूपान्तरणका लागि स्वदेशमा युवा रोजगारीको नेतृत्व अपरिहार्य छ । तर हाम्रो जस्तो सक्रिय जनशक्तिको धेरै भएको मुलुकमा रोजगारीका सवालहरू कम मात्रामा उठ्छन् । रोजगारीका सम्भावनाहरू र प्रतिस्पर्धात्मक क्षेत्रहरूको पहिचान भए पनि संख्यात्मक रूपमा स्वदेशमै रोजगारी कम मात्रामा छ । यो नै नेपालको मुख्य समस्या हो । यदि पर्याप्त रोजगारीको सुनिश्चितताले गरीबी न्यूनीकरण र समुन्नत राष्ट्र निर्माण गर्न सक्दा रोजगारीका लागी भौतारिरहनु पर्दैन । हाम्रा विश्वविद्यालयबाट वार्षिक ५ लाख युवा श्रम बजारमा प्रवेश गर्छन तर बढीमा १५ प्रतिशतले मात्र रोजगारी पाउन सकेका छन् । हाल दैनिक करिब २५ सय युवा विदेशिरहेका छन् । रेमिट्यान्सले अर्थतन्त्र त चलायमान भएको छ तर आन्तरिक उत्पादनमा आत्मनिर्भरता छैन । अब युवा रोजगारी र आन्तरिक उत्पादनलाई जोड दिन सक्ने नेतृत्व चाहिएको छ । आर्थिक सम्पन्नता मात्र अबको ध्येय होइन कि सामाजिक न्याय सहितको आर्थिक उन्नति हो । अहिले सुशासन र सामाजिक न्यायमा युरोपियन मुलुक अगाडि आउँनुको मुख्य कारण नागरिक मैत्री सामाजिक न्याय हो । अब मुलुकले सोही नेतृत्व खोजिरहेको छ । संविधानले उल्लेख गरेको लोक कल्याणकारी राज्यमा गुणस्तरीय शिक्षा र स्वास्थ्य, सुरक्षित आवास, स्वच्छ पर्यावरण, सामाजिक सुरक्षाको सुनिश्चितता अपरिहार्य छ ।

**-इहिमालय टाइम्स डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६०
- रेडक्रस तौलिहवा ०७६-५६००७५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस क्वेदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७०७६७५५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६७५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आज बाहिरी खानपान तथा मनोरञ्जनमा समयको ख्याल गर्नुपर्नेछ । | **तुला** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । मित्रबाट विशेष सहयोग पाइनेछ । |
| **वृष** : अचल सम्पत्ति हात पर्ला । धार्मिक यात्राको योग छ । | **वृश्चिक** : आज अध्ययनमा रुचि जाग्नुका साथै यात्राका योग पनि देखिन्छन् । |
| **मिथुन** :सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै बढी लाभ हुनेछ । | **धनु** : महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । |
| **कर्कट** : महत्वाकाङ्क्षी योजना गोप्य राखेर अघि बढ्नु राम्रो होला । | **मकर** : अधुरो काम पूरा हुनेछ । व्यवसायका लागि यात्राको सम्भावना छ । |
| **सिंह** : आज मन खिन्न हुने स्थिति आउने छ । नयाँ कमको थालनी हुनेछ | **कुम्भ** : आतिथ्यपूर्ण सम्मान पाइएला । मित्रताको बन्धन कसिने बेला छ । |
| **कन्या** : यात्रा कष्टकर हुनसक्छ सचेत रहनु पर्छ, तर आफन्तसँग भेटघाट हुनेछ । | **मीन** : काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |

# कृषि

## गण्डकीमा क्षेत्रफलसँगै सुन्तला उत्पादन बढ्यो



गण्डकी प्रदेशका किसानले यस वर्ष ५४ हजार दुई सय २८ मेट्रिक टन सुन्तला फलाएका छन् । जुन गत वर्षको तुलनामा एक हजार आठ सय ९७ मेट्रिक टनले बढी हो । प्रदेशको कृषि विकास निर्देशनालयको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९/८० मा ५२ हजार तीन सय ३१ मेट्रिक टन सुन्तला फलेको थियो । आव २०७८/०७९ मा जम्मा ५० हजार आठ सय ५० मेट्रिक टन उत्पादन भएको थियो । सुन्तला खेतीको क्षेत्रफल विस्तारसँगै पछिल्लो तीन वर्ष यता सुन्तलाको उत्पादन लगातार वृद्धि भएको निर्देशनालयका प्रमुख वासुदेव रेग्मीले बताए । आव २०७८/७९ मा सात हजार नौ सय ४५ हेक्टरमा सुन्तला खेती गरिएकामा चालु आवमा सो क्षेत्रफल बढेर आठ हजार १७ हेक्टर पुगेको उनको भनाइ छ । 'प्रदेशमा सुन्तला उत्पादन बढिरहेको छ, तीन वर्षअघि प्रतिहेक्टरमा नौ दशमलव ७८ मेट्रिक सुन्तला फलेको थियो भने यस वर्ष प्रतिहेक्टरमा १० दशमलव ६५ मेट्रिक टन उत्पादन भएको छ', प्रमुख रेग्मीले भने, 'फल दिने नयाँ बोट थपिनु, बगैँचा व्यवस्थापन, रेखदेख, रोगकिरा नलाग्नु, अनुकूल मौसम जस्ता कारणले सुन्तलाको उत्पादन वृद्धि भएको हो ।' निर्देशनालयका कृषि अर्थ विज्ञ शशी अधिकारीले चालु आवमा सबैभन्दा बढी स्याङ्जामा १९ हजार ९० मेट्रिक टन सुन्तला फलेको जानकारी दिए । उत्पादकत्वका दृष्टिले पनि सबैभन्दा बढी स्याङ्जामा प्रतिहेक्टर १४ दश मलव ४६ मेट्रिक टन सुन्तला फलेको उनको भनाइ छ । यस वर्ष सबैभन्दा कम लमजुङमा चार सय ५० मेट्रिक सुन्तला उत्पादन छ । लमजुङमा जम्मा एक सय ३० हेक्टर क्षेत्रफलमा सुन्तला खेती हुँदै आएको छ । गोरखामा चार हजार नौ सय ७२ दस मलव ५०, तनहुँमा ११ हजार पाँच सय १८, कास्कीमा पाँच हजार चार सय ३५, पर्वतमा चार हजार १५, म्याग्दीमा ती हजार छ सय, बागलुङमा तीन हजार नौ सय २० र नवलपुरमा एक हजार दुई सय २७ मेट्रिक टन सुन्तला उत्पादन भएको जनाइएको छ । गण्डकीका ११ जिल्ला मध्ये हिमाली जिल्ला मुस्ताङ र मनाङमा भने सुन्तला खेती नहुने कृषि अर्थ विज्ञ अधिकारीले जानकारी दिए । निर्देशनालयका प्रमुख रेग्मीले गण्डकी देशमै बढी सुन्तला उत्पादन गर्ने प्रदेशमा पर्ने बताए । किसानले पाउने प्रतिकिलो रु ५५ औसत मूल्यका आधारमा यस वर्ष गण्डकीमा रु. दुई अर्ब ९८ करोड, २५ लाख, ४० हजार बराबरको सुन्तला उत्पादन भएको प्रमुख रेग्मीले बताए ।

सुरुसुरुमा केही कम मूल्य परे पनि पछिसम्म बोट र चिस्यान केन्द्रमा राखेर बेच्ने किसानले सुन्तलाको भाउ बढाउँदै लैजाने गरेको उनको भनाइ छ । 'बजारमा आएपछि पाउने बिक्री मूल्यको त लेखाजोखा नै हुँदैन, व्यापारीले किलोलाई रु. एक सयदेखि एक सय ५० सम्ममा बेच्छन्, फागुन, चैतमा मूल्य अझ बढ्छ, हामीले त सुन्तला फलाउने किसानले कति कमाए भनेर हेर्नुपर्छ', प्रमुख रेग्मीले भने, 'जिल्लाले पठाएको प्रतिवेदन र आँकडा विश्लेषण गर्दा गण्डकीमा वार्षिक करिब रु. तीन अर्ब बराबरको सुन्तला उत्पादन हुने गरेको देखिन्छ ।' गण्डकीमा सुन्तला विस्तार भएर आठ हजार १७ हेक्टरमा फैलिए पनि उत्पादन दिने बोटले ओगटेको क्षेत्रफल भने जम्मा पाँच हजार ९२ हेक्टर छ । सुन्तलाको उत्पादन बर्सेनि बढ्दै जाँदा किसानलाई भने बजारको चिन्ता थपिन सक्ने निर्देशनालयका प्रमुख रेग्मीले बताए । सुन्तलामा आधारित उद्योग सञ्चालनमा राज्य र व्यावसायिक क्षेत्रले लगानी गर्नुपर्ने उनको भनाइ छ । प्रमुख रेग्मीले रोगकिराको प्रकोप, कलमी बिरुवाको अभाव, बगैँचा व्यवस्थापन, सुन्तला टिप्ने देखि, सुरक्षित भण्डारण र ढुवानी, बजारको अभावआदि सुन्तला खेतीमा देखिने गरेका चुनौती हुन् । बोट सुकेर मर्ने रोग, औँशे किरा लगायतले पनि सुन्तला खेतीमा बेलाबेलामा क्षति पुऱ्याउँदै आएको छ । 'सुन्तला खेती प्रवर्धनमा किसानलाई सरकारले पनि अनुदान, सीप र प्रविधि दिएर सघाइरहेको छ', प्रमुख रेग्मीले भने, 'बगैँचाको रेखदेख, व्यवस्थापनमा किसान नै बढी चनाखो हुनुपर्छ, अनुदान पाए गर्ने नत्र वास्ता नगर्ने प्रवृत्ति पनि कतिपय किसानमा छ, त्यो गलत हो ।' सुन्तला खेती विस्तार र व्यवसायीकरणका लागि विभिन्न जिल्लामा सुन्तला 'सुपर जोन,' 'जोन', 'पकेट' र 'ब्लक' कार्यक्रम सञ्चालित छन् । बागलुङ, पर्वत र म्याग्दीका केही स्थानीय तहलाई समेटेर 'सुन्तला जोन' कार्यक्रम सञ्चालन गरिएपछि पाँच सय हेक्टरभन्दा बढी क्षेत्रफमा सुन्तला खेती विस्तार भएको 'सुन्तला जोन' एकाइ कार्यालयले जनाएको छ । 'सुन्तला'मा बढी सुन्तला उत्पादन हुने बागलुङको बिहुँ, सिगाना, पर्वतको बाँसखर्क, सालिजा, लेखफाँट, म्याग्दीको बास्कुना लगायतका गाउँ पर्छन् । स्याङ्जामा सुन्तला 'सुपरजोन' कार्यक्रम लागू भइरहेको छ । सुरुमा केही स्थानीय तहका सीमित वडामा मात्र सञ्चालन गरिएको उक्त कार्यक्रमलाई पछि जिल्लाभर विस्तार गरिएको हो । स्याङ्जाका करेनडाँडा, जैसीडाँडा, रागोला, अर्जुन चौपारीलगायत गाउँ सुन्तला खेतीका लागि बढी चिनिन्छन् । तनहुँको म्याग्दे गाउँपालिका, गोरखाको सहिद लखन गाउँपालिकामा पनि सुन्तला खेती बढी हुन्छ । यहाँ उत्पादित सुन्तला पोखरालगायत प्रदेश भित्रैका सहरी क्षेत्रमा बढी खपत हुन्छ । व्यापारीले नारायणगढ, काठमाडौँलगायत ठाउँमा पनि बिक्रीका लागि पुऱ्याउँछन् । उत्पादन जति बढ्दा पनि बजारको अभाव नहुने र श्रमको उचित मूल्य पाउने सुनिश्चितता गर्न सके सुन्तला खेतीमा किसानको आकर्षण अझै बढ्ने निर्देशनालयका प्रमुख रेग्मीले बताए । 'नगदे बाली भएकाले सुन्तला खेतीबाट किसान सन्तुष्ट छन्, सुन्तला बेचेर वार्षिक दशौँ लाख कमाउने किसान पनि हामीकहाँ छन्', उनले भने । **-रासस**

## भैँसीपालनबाट मनग्य आम्दानी

दाङ राजपुर गाउँपालिका-४ निवासी टीकाराम यादवको पुर्ख्यौली पेसा भैँसीपालन हो । उनले भैँसीको दूध, दही र घिउ बिक्री गरेर जीवन निर्वाह गर्दै आएका छन् । उनले यसैको आम्दानीबाट घरपरिवारको खर्च पनि चलाउँदै आएका छन् ।

परम्परागत पेसालाई व्यावसायिक बनाउँदै लगेका उनले भैँसी पालनबाट दूध र दही बिक्री गरेर पछिल्लो समय रु. एक लाख ५० हजारसम्म मासिक आम्दानी गर्दै आएका छन् । साना-ठूला गरेर ७२ भैँसीपालन गरेका उनले दूध र दही बिक्री गरेर २३ सदस्य परिवारको खर्च जुटाउनका साथै बचत गरेर जग्गा समेत किनेको उनको भनाइ छ । उनले भन्ने, 'हाम्रो मुख्य आम्दानी नै भैँसीपालन हो, दूध, दही र घिउ बिक्री गरेर घरव्यवहार चलाउनेदेखि बचतसमेत गर्ने गरिरहेको छु ।' ती भैँसी मध्ये १७ भैँसीले दूध दिने र दैनिक करिब ६० देखि ७० लिटरसम्म दूध बिक्री गर्दै आएको उनले बताए । उनका भाइ टेकबहादुर यादवले लमही बजारसम्म पुर्याएर दूध बिक्री गर्ने काम गर्दै आएको बताए ।

घरका अन्य सदस्यले पनि काममा साथ दिएको उनले बताउँछन् । विदेशमा अर्काको अधिनमा बसेर काम गर्नु भन्दा आफ्नै ठाउँमा घर परिवारसँगै बसेर भैँसीपालन गर्दा राम्रो आम्दानीसँगै सन्तुष्ट रहेको उनले बताउँछन् । उनी वैदेशिक रोजगारको समेत अनुभव छ । उनले भन्ने, 'विदेशमा १२ घण्टा दैनिक काम गर्दा महिनामा रु. ६०-७० हजारसम्म कमाई हुन्छ, त्यो कमाइमा विदेशमा बसिरहन मनले मानेन र एक वर्षमै फर्कीए, भैँसी बढाएर पाल्दै आएको छु । आम्दानी पनि राम्रै भइरहेको छ ।' दूध बिक्री गरेर भएको आम्दानीको आधा रकम भैँसीका लागि दाना, घाँस र औषधिमा लाग्ने गरे पनि बाँकी रकम नाफा हुने गरेको उनले बताउँछन् । गाउँमा सबैभन्दा धेरै भैँसीपालन गर्ने किसानका रूपमा भएका यावदले लाखौँ खर्च गरेर विदेशमा काम गर्नु भन्दा आफ्नै ठाउँमा परिवारसँग बसेर पैसा कमाउन सकिने अरुलाई समेत सुझाव दिन्छन् । त्यसका लागि आफूमा आत्म विश्वास हुनुपर्ने उनले बताउँछन् । उनले भन्ने, 'विदेशमा दिनमा १२ घण्टासम्म काम गर्नोले आफ्नो ठाउँमा पनि त्यही अनुसार मेहनत गर्न सके कमाई गर्न सकिन्छ ।' भैँसी पालनबाटै राम्रो आम्दानी गरिरहेका यादवले सरकारबाट अहिलेसम्म कुनै प्रकारको सहयोग प्राप्त नगरेको गुनासो गर्दै भन्ने, 'अहिलेसम्म जे-जति गरेको छु, सबै आफ्नै मेहनत र परिश्रमबाट गरेको छु । कतैबाट कुनै सहयोग लिएको छैन ।' कतै बाट सहयोग प्राप्त नभए पनि आफ्नै मेहनतले पुर्ख्यौली पेसालाई व्यवस्थित गर्दै लग्ने सोचमा रहेको उनी बताउँछन् । ***-रासस***

## इलामका लेकाली किसानलाई आलु रोप्न चटारो



सूर्योदय नगरपालिका-१ थुम्केका तीर्थ बुढाथोकीलाई आलु रोप्ने चटारो छ । बुढाथोकीले ८० मन आलु रोप्न घर माथिको १० रोपनी टारबारी जोतेर तयार बनाएका छन् । 'पहिलो दिन आलु रोप्न १५ जना खेताला भनेको छु, एकै पटक सबै खेताला भेटिँदैनन् । हप्ता दिनसम्म रोपेर सकिन्छ', गोदाममा राखिएको बीउ आलु देखाउँदै उनले भन्ने, 'पहिलेपहिले त सयौँ मन रोपेको हो । तर अहिले काम गर्ने युवा विदेशतिर गए, पल्लो गाउँतिर पुगेर खेताला भन्नुपर्छ ।' सन्दकपुर, माईजोगमाई, देउमाई, सूर्योदय लगायत माथिल्लो लेकाली क्षेत्रका किसानको मुख्य नगदेबाली आलु हो । मकै र अन्य बाली मासिन थालेपछि किसानले आलुमात्र लगाउन थालेका छन् । आलुखेतीले नै घर चलाउने, बालबच्चा पढाउने जस्ता सबै खर्च धान्दै आएको किसान बताउँछन् । 'एक मन बराबर कम्तीमा सात मन फल्छ । ८० मन रोप्दा साढे पाँच सय मन हराउँदै', बुढाथोकीले भनने 'बेच्नेबेला दुई हजार प्रतिमन हुँदा पनि ११ लाख जतिको कारोबार आलुबाट हुन्छ, खर्च कटाएर पनि वर्षमा रु. पाँच लाखसम्म आम्दानी गरिन्छ । सडक सञ्जालको सहज पहुँच नपुगे पनि भारतीय सीमा क्षेत्र माने भञ्ज्याङ बजार पुग्न थुम्केबाट पैदल डेढ घन्टा लाग्छ । उत्पादन भएको आलु बिक्री गर्न बजार अभाव नहुने भएकाले बर्सेनि ठूला मात्रामा आलुखेती गरेर यहाँका किसानले मनग्य आम्दानी गरिरहेका छन् । जिल्लाको तल्लो क्षेत्रमा बीउ बिक्री गर्न र बाँकी माने भञ्ज्याङ बजारमा लगेर फुट्टा आलु बेच्न सकिने भएकाले व्यावसायिक आलुखेती गरिरहेका हुन् । यति बेला रोपेको आलु असार, साउनमा उत्पादन हुन्छ । चिसो ठाउँ भएकाले घरको गोदाममा थन्क्याएर राखेको आलु कुहिने डर हुँदैन । 'केही बजार लगेर साउनमै बिक्री गर्छौं, आधाजति भण्डारण गरेर राख्छौँ ।' किसान सीता क्षेत्रीले भन्ने । असोज, कात्तिकमा तल्लो क्षेत्रका किसान लेकमा पुगेर त्यही आलु बीउका रुपमा खरिद गर्छन् । बेचेर रहेको आलु लेकतिर यो याममा रोपिन्छ । यसरी आलुबाट किसानले आर्थिक उपार्जन गरिरहेका हुन् । आलु सहित कोपी, मुला, चिराइतो लगायतका कृषिउपज यहाँ धेरै उत्पादन हुन्छ । उत्पादित कृषि उपजको बजार माने भञ्ज्याङ हो । बजार नजिकै भए पनि ढुवानीमा यातायात समस्या छ । 'कच्ची सडक भर पर्दो छैन । दु:खले माटोरसाइकल चलाउन सकिए पनि गाडीमा आलु ढुवानी गर्न सकिँदैन्', बुढाथोकीले भन्ने । यातायातको साधन घोडा हो । प्राय जसो सबैको घरमा घोडा पालिएको हुन्छ । उत्पादित कृषि उपजलाई बजार पुऱ्याउन र त्यहाँ बाट घरका लागि आवश्यक नुन, तेल, चामल, गाई बस्तुको लागि अन्न घोडामा बोकाएर । यो ठाउँ लोपोन्मुख वन्यजन्तु रेडपाण्डा पाइने क्षेत्र हो । यहाँबाट श्री अन्तुमा जस्तै सूर्योदय देखिन्छ । भारत सहित तेस्रो मुलुक सम्मका पर्यटक रेडपाण्डाको अध्ययन अवोलकन गर्न आइपुग्छन् । पर्यटकका लागि होमस्टे बनाइएको छ । सडक नहुँदा सबै कुरा खल्लो भएको स्थानीय बताउँछन् । आलु लगायत खेती गर्ने किसानलाई सडक अभावको तीतो महसुस हुन्छ । 'वर्षामा पहिरो जान्छ, घोडा नै पुर्छ, बाटोमा चिप्लिएर भिरमा भारीसँगै खसिन्छ कि भन्ने चिन्ताले खेतीको उपलब्धि पनि दिक्क लाग्दो हुन्छ ।' तीर्थका छोरा रमन बुढाथोकीले भनने, 'हामी विकासमा पछि परेका छौँ, अन्तुले घाम बेचेको छ । त्यहाँ देश विदेशका पर्यटक आउँछन् । उत्तिकै घाम देखिने थुम्के पुग्न भने सामान्य सडक बनाइएन । अरु त अरु रेड पाण्डाको संरक्षण गर्ने, प्रचारप्रसार गर्ने कुरामा कसैको ध्यान छैन ।' विशेषगरी जिल्लाको उच्च पहाडी भेगका किसानले आलुको व्यावसायिक खेती गर्ने गरेका छन् । आलुको नयाँ नयाँ जात उत्पादन गर्ने उद्देश्यले सरकारले जौ बारीमा आलु विकास केन्द्र स्थापना गरेको छ । विशेष गरेर एम एस, डेजिरे, बिटे, सेतो आलु तथा झ्याले लगायत जातका आलु उत्पादन हुने गरेको छ । लेकाली क्षेत्रका अधिकांश किसानले आलुलाई मुख्य आम्दानीको स्रोत बनाएका छन् । इलाममा बढी उत्पादन भएकै कारण 'सात अ' मा पर्ने आलु पनि एक हो । हिउँ पर्ने जमिनमा समेत फस्टाउने आलु छ हजार ८१५ हेक्टर क्षेत्रफल भन्दा बढी जमिनमा खेती गर्ने गरिएको छ । कृषि ज्ञान केन्द्र इलामका अनुसार गत आर्थिक वर्ष २०७९/८० मा जिल्लामा छ हजार नौ सय ९६ हेक्टर क्षेत्रफलमा आलु खेती गरिएको थियो । सो क्षेत्रफलमा एक लाख १७ हजार आठ सय ८३ मेट्रिकटन उत्पादन भएको ज्ञान केन्द्रका कर्मचारी रुजन खड्काले जानकारी दिए । उनको अनुसार आलुको उत्पादकत्व १६ दश मलव ८५ हेक्टर छ ।सौँय कार्यक्रम अन्तर्गत यस वर्ष इलाममा आलु ब्लक विकास कार्यक्रम छ । यसका लागि फिल्ड भेरिफि केसन र अनुगमन भइरहेको खड्काले बताए । पचास प्रतिशत साझेदारीमा रु. १५ लाख बजेटमा चाँडै आलुको ब्लक क्षेत्र निर्धारण गरिने खड्काले बताएका छन् । ***-रासस***

## अनुदानले तोरी खेतीप्रति आकर्षण



हिउँदे बाली प्रवर्धन कार्यक्रम अन्तर्गत पोखरा महानगरपालिकाले तोरी खेती गर्ने किसानलाई अनुदान दिएको छ । तोरीखेती विस्तारबापत प्रतिरोपनी रु. चार सय र बीउमा ५० प्रतिशतका दरले अनुदान वितरण गरिएको कृषि महाशाखा प्रमुख मनोहर कँडरियाले जानकारी दिए । महानगरपालिकाबाट अनुदान पाएपछि वडा नं ११, १३, २३, २९ र ३१ किसानले पाँच रोपनीमा तोरीखेती विस्तार गरेको उनले बताए । समूहगत रुपमा आएका किसानलाई जग्गा तयार गरेबापत क्षेत्रफल अनुसार अनुदान दिइएको हो ।

व्यक्तिगत रुपमा आउने किसानलाई बीउमा मात्र अनुदान दिइएको महाशाखा प्रमुख कडरियाले बताए । महानगरपालिकाले हिउँदे बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत तोरी र गहुँबाली विस्तारका लागि किसानलाई अनुदान दिँदै आएको छ । हिउँदमा खाली हुने जग्गाको सदुपयोगका साथै घरायसी प्रयोजनका लागि किसानले आफैँ तेल उत्पादन गर्न सकून् भन्ने उद्देश्यले तोरीमा अनुदान दिइएको महाशाखा प्रमुख कडरियाको भनाइ छ । 'तोरीखेती बढ्दा घरघरमा हुन तेल आयातलाई न्यूनीकरणमा मद्दत पुग्छ, अर्का तिर तोरीबारी मौरीका लागि पनि उत्तम चरन क्षेत्र हो, तोरीले प्रकृतिमा सुन्दरता पनि थपेको हुन्छ', उनले भनने, 'यस वर्ष हिउँदे वर्षा नभएकाले सुक्खा र पाखो जमिनमा लगाइएको तोरीबालीमा केही समस्या आए पनि सिँचाइको सुविधा भएको ठाउँमा तोरीखेती फस्टाएको छ ।' किसानले चितवन लोकल र लुम्ले जातको तोरी खेती गरिरहेका छन् । तोरी बालीमा कुनै रोगकिराको समस्या पनि नदेखिएको कृषि महाशाखाले जनाएको छ । उत्पादन पनि छिटो दिने र कम लागत लाग्ने भएकाले किसान तोरीखेतीमा आकर्षित भइरहेको महाशाखा प्रमुख कडरियाले बताए । कार्त्तिकमा लगाएको तोरी माघ-फागुन भित्रमा किसानले भित्र्याइ सक्ने उनको भनाइ छ । उनले कम्तीमा सय रोपनी जग्गा व्यवस्थापन गरेर समूहमा आउने किसानलाई थप अनुदान र प्रोत्साहन रकम उपलब्ध गराइने बताए । 'धानबाली भित्र्याए पछि बाँझै रहने खेत अहिले तोरीले पहेँल पुर देखिएका छन्, महानगरपालिकाको उद्देश्य पनि हिउँदमा जग्गा खाली नरहोस् भन्ने हो', महाशाखा प्रमुख कडरियाले भने, 'तोरी खेतीका लागि सिँचाइमा किसानलाई सक्दो सहयोग गरिरहेका छौँ ।' ***-रासस***

# राष्ट्रपति रनिङ शिल्डको उपाधि जनता माविलाई



**पाल्पा,** माघ २०/तानसेन नगरस्तरीय पाँचौ राष्ट्रपति रनिङ शिल्डको उपाधि तानसेनको जनता माध्यमिक विद्यालय (जेभिटि) ले हात पारेको छ । तानसेनस्थित टुँडिखेल मैदानमा मंगलबारदेखि सञ्चालन भएको प्रतियोगितामा २९ पदक सहित जेभिटीले उपाधि हात पारेको हो ।

उसले ११ स्वर्णसहित ९ रजत र ९ काश्य गरी २९ पदक जित्न सफल भएको छ । २८ पदक जितेको दमकडा नमुना माध्यमिक विद्यालय दोश्रो भएको छ । उसले १० स्वर्ण, ९ रजत र ९ काश्य सहित २८ पदक जित्न फिल भएको हो । उपाधि हात पार्नको लागि जनता र दमकडाबिच निकै कडा प्रतिष्पर्धा भएको थियो । प्रतियोगितामा सरस्वती माविले १९ पदक हात पार्दै तेस्रो भएको छ । उसले १० स्वर्ण, ४ रजत र ५ काश्य पदक जितेको छ । प्रतियोगितामा तानसेन नगर भित्रका २७ वटा माध्यमिक विद्यालयका ६ सय २३ विद्यार्थीहरुले प्रतियोगितामा भाग लिएका थिए । उनीहरुले ५ विद्याका ५३ खेलमा ३ सय ८० पदकको लागि प्रतिष्प्रर्धा गरेका हुन् । विजेताहरुलाई नगर प्रमुख सन्तोषलाल श्रेष्ठ, उप प्रमुख प्रतिक्षा गाहा सिंजाली, प्रवक्ता यादव सिंह कार्की, प्रमुख प्रशासकीय अधिकृत जीवन ज्ञवाली, शिक्षा शाखा प्रमुख कोपिला न्यौपाने, जिल्ला खेलकुद विकास समितीका अध्यक्ष दिपक घिमिरे लगायतले पुरस्कार वितरण गरेका थिए ।

पाल्पाका १० वटै पालिकामा पाँचौ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न भएको छ । १० वटै पालिकामा रनिङ शिल्ड प्रतियोगिता सकिएकोले यही माघ २३ गते देखी तानसेनको टुँडिखेलमा पाँचौ जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन हुने छ ।

# रामपुरमा छैठौं मेयर कप

**पाल्पा,** माघ २०/जिल्लाको रामपुरमा छैठौं मेयर कप प्रतियोगिता सञ्चालन भएको छ । रामपुर नगरपालिकाको आयोजना र नगर खेलकुद विकास समिति रामपुरको सञ्चालनमा शुक्रबारदेखि सुरु भएको हो ।

उद्घाटन खेलमा पुरुष फुटबल प्रतियोगिता भएको छ । रामपुर नगरपालिका वडा- ७ र वडा -८ विच भएको खेलमा वडा- ७ विजयी भएको छ । खेलमा वडा -७ ले ८ लाई २-० गोल अन्तरले पराजित गरेको हो । प्रतियोगितामा भलिबल, क्रिकेट, व्यडमिन्टन, वक्तृत्वकला जस्ता खेल र बौद्धिक कार्यक्रमहरु हुने नगर खेलकुद विकास समितिका सदस्य डोलराज श्रेष्ठले जानकारी दिए । किसानबारी खेल मैदानमा सञ्चालित मेयर कपको नगर प्रमुख रमण बहादुर थापाले उद्घाटन गरेका हुन् । प्रतियोगिताको उद्घाटन गर्दै उनले खेलले राष्ट्र र राष्ट्रियताको पहिचान दिलाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए । पहिचानका लागि उत्कृष्ट खेलाडी उत्पादन गर्न नगरपालिकाले विभिन्न कार्यक्रम गरेको नगर प्रमुख थापाको भनाइ छ । उनले भने ‘विभिन्न समयमा हुने विविध प्रतियोगिताले उत्कृष्ट खेलाडी उत्पादन गर्छ , गाउँका दुर दराजका खेलाडीको प्रतिभा प्रस्फुटन गर्न मेयर कप जस्ता कार्यक्रमले सघाउ पु्याउँछ ।’ नगर प्रमुख थापाले खेल खेलाउने मात्र नभई नगरपालिकाले अब विभिन्न खेलकुदको प्रशिक्षण सहित उत्कृष्ट खेलाडी उत्पादनमा जोड दिने समेत बताए । उपप्रमुख बाल कुमारी थापाले खेलाडी उत्पादन र खेलकुदको विकासका लागि नगर सरकार प्रतिवद्ध भएर लागेको बताइन् । खेल अनुशासनपूर्वक खेलिने मैत्रिपूर्ण लडाँई भएको भन्दै उनले खेलमा हार जित भन्दा पनि धेरै कुरा सिक्ने अवसर मिल्ने धारणा व्यक्त गरिन् ।



प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले खेलकुद स्वास्थ्यका लागि अत्यन्त महत्वपूर्ण रहेको बताए । शारिरीक, मानसिक र बौद्धिक हिसाबले खेलकुद मानव जीवनमा महत्वपूर्ण रहेको उनको भनाई छ । वडा-७ का वडाध्यक्ष दोवराज तिवारीले खेलकुदको माध्यमबाट युवाहरुको सर्वाङ्गिण विकास र समाज रुपान्तरण गर्न सकिने बताए । कार्यक्रममा नेपाली काँग्रेस रामपुरका नगर सभापति नेत्र प्रसाद भट्टराई, नेकपा एमाले रामपुरका प्रतिनिधि ईश्वरी खनाल, नेकपा माओवादी केन्द्र रामपुरका अध्यक्ष यम बहादुर सुनार, नेकपा एकिकृत समाजवादी रामपुरका अध्यक्ष फणेश्वर गौतम, राष्ट्रिय जनमोर्चा रामपुरका राम प्रसाद गैरे लगायतले कार्यक्रम सफलताको शुभकामना व्यक्त गरे । नगर खेलकुद विकास समितिका अध्यक्ष कमल सेनको अध्यक्षता, सहसचिव जमुना रानाको स्वागत र महासचिव राजु गुरुङको सञ्चालनमा प्रतियोगिताको शुभारम्भ भएको हो ।


मनको आवाज.............

‘नाम पनि यूनिक, काम पनि यूनिक’

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## खेलकुद समाचार

### भारतसँग नेपाल पराजित



**काठमाडौं,** माघ २०/आईसीसी यू१९ विश्वकप क्रिकेट प्रतियोगिताको सुपर सिक्स अन्तर्गत शनिबारको खेलमा नेपाल भारतसँग एक सय ३२ रनले पराजित भएको छ । दक्षिण अफ्रिकाको माङ्गाउगं ओभल क्रिकेट मैदानमा भएको खेलमा जीतका लागि दुई सय ९८ रनको लक्ष्य पाएको नेपालले निर्धारित ५० ओभरमा नौ विकेट गुमाउँदै एक सय ६५ रन मात्रै बनाउन सक्यो ।

नेपालका लागि कप्तान देव खनालले ५३ बलमा दुई चौकासहित ३३ रन बनाए भने दुर्गेश गुप्ताले अविजित २९ बनाए । साथै ओपनरद्धय अर्जुन कुमालले २६ र दीपक बोहोराले २२ रन बनाए भने आकाश चन्दले १८ रनको योगदान दिए । अन्य ब्याटरले भने उल्लेख्य योगदान दिन सकेनन् । भारतको जीतमा सौम्य पाण्डेले चार र असरिन कुलकर्णीले दुई विकेट लिए । साथै राज लिम्बानी, आराध्य शुक्ला र मुरुगन अभिशेकले एक/एक विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ रोजेको भारतले निर्धारित ५० ओभरमा पाँच विकेट गुमाउँदै दुई सय ९७ रनको योगफल बनाएको थियो । उसका लागि सचिन दासले सर्वाधिक एक सय १६ रनको योगदान दिए । उनले एक सय एक बलमा ११ चौका र तीन छक्का प्रहार गरे । कप्तान उदय सहरानले एक सय सात बलमा नौ चौकाको सहायताले एक सय रन बनाए । त्यसैगरी आदर्श सिहले २१ रन बनाउँदा प्रियान्सु मोलियाले १९ तथा अर्सिन कुलकर्नीले १८ रन बनाए । मुसहिर खानले अविजित ९ रन बनाए । नेपालका लागि गुल्शन झाले तीन विकेट लिए भने आकाश चन्दले एक विकेट झारे ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## कर्पोरेट/अर्थ समाचार

# ग्लोबल आईएमई बैंकलाई साढे सात अर्ब ऋण




**पाल्पा,** माघ २०/ग्लोबल आईएमई बैंक लिमिटेडले ५६ मिलियन अमेरिकी डलर (७ अर्ब ४१ करोड रुपैयाँ) लगानी गर्न ऋण पाउने भएको छ । विश्व बैंक समूहको सदस्य अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी) ले महिलाद्वारा सञ्चालित व्यवसाय, साना तथा मझौला उद्यममा वित्तीय पहुँच बढाउन र जलवायुमैत्री आयोजनालाई सहयोग गर्न ऋण दिने भएको हो ।

बैंकले ऋणको ५० प्रतिशत साना तथा मझौला र खुद्रा ग्राहकका लागि जलवायु तथा लैंगिक क्षेत्रको लगानीमा समान रूपमा विनियोजन गर्नेछ । बाँकी ५० प्रतिशत साना तथा मझौला उद्यममा कर्जा प्रवाह गर्न प्रयोग गर्ने बताइएको छ । लगानीका लागि आईएफसी र ग्लोबल आईएमई बीचको साझौता भएको छ । साना तथा मझौला उद्यमलाई वित्तीय पहुँच प्रदान गर्दै बजारमा प्रतिस्पर्धी बनाउन सहयोग गर्ने, वित्तीय समावेशीकरणमा सुधार गर्ने, रोजगारी सिर्जना गर्ने र जलवायु लक्ष्य प्राप्तिमा सहयोग गर्ने यस लगानीको उद्देश्य रहेको बैंकले जनाएको छ ।

नेपालको वित्तीय क्षेत्रमा भएको आईएफसीको अहिले सम्मकै सबैभन्दा ठूलो यस लगानी तथा परिचालनले बैंकलाई साना तथा मझौला व्यवसाय, कोभिड महामारीबाट प्रभावित उद्यम, महिलाको स्वामित्वमा रहेका साना तथा मझौला उद्यम र ग्रामीण क्षेत्रमा रहेका उद्यम व्यवसायलाई सहयोग गर्न सघाउ पुर्‍याउने विश्वास लिएको छ । आईएफसीसँगको सहकार्यले बैंकलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी बन्न सहयोग पुगेको ग्लोबल आईएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले बताए । आईएफसीसँगको यस ऋण सम्झौताबाट नेपालका साना तथा मझौला उद्यमको विकासमा सहयोग पुग्ने उनको भनाइ छ ।


भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं

भूकम्पका कारण :

- घर, पुल तथा अन्य संरचना भत्कन सक्दछ ।
- विद्युत तथा टेलिफोन सेवा अवरोध हुन सक्दछ ।
- बाढी, पहिरो तथा आगलागीको जोखिम भई जनधनको क्षति हुन सक्दछ ।


त्यसैले,

- घर, पुल तथा अन्य संरचना बनाउँदा भूकम्प प्रतिरोधी बनाऔं ।
- घर वरिपरी तथा सार्वजनिक स्थल खुल्ला राखौं ।
- भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।


नेपाल सरकार
विज्ञापन बोर्ड



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयःभगवतीटोल-३,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादकःजगदीशप्रसाद भट्टराई